बैठक संख्या: ६१

आज मिति २०७८।०३।०२ गते बुधवार यस भुम्लु गाउँपालिका गाउँ कार्यपालिकाको वैठक भुम्लु गाउँपालिकाका अध्यक्ष श्री गुमानध्वज कुँवरको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीज्यूहरुको उपस्थितिमा बसी तपशिल बमोजिमका विषयहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| १ श्री गुमानध्वज कुँवर | – अध्यक्ष | |
| २ श्री कल्पना कुमारी श्रेष्ठ | – उपाध्यक्ष | |
| ३ श्री खीर बहादुर श्रेष्ठ | – सदस्य | |
| ४ श्री कृष्ण कुमार कार्की | – सदस्य | |
| ५ श्री ज्ञान वहादुर तामाङ | – सदस्य | |
| ६ श्री लोक बहादुर कुँवर | – सदस्य | |
| ७ श्री अञ्चल कुमार लामा | – सदस्य | |
| ८ श्री भरत बहादुर शिवभक्ती | – सदस्य | |
| ९ श्री रमेश राज खरेल | – सदस्य | |
| १० श्री मोतिलाल तामाङ | – सदस्य | |
| ११ श्री दल बहादुर तामाङ | – सदस्य | |
| १२ श्री चित्र बहादुर तामाङ | – सदस्य | |
| १३ श्री माया तामाङ | – सदस्य | |
| १४ श्री सानुमाया पहरी | – सदस्य | सानुमाया |
| १५ श्री उर्मिला वि. क. बराइली | – सदस्य | |
| १६ श्री सावित्रा अछामी | – सदस्य | सावित्रा |
| १७ श्री बालकृष्ण पहरी | – सदस्य | |
| १८ श्री शंकर नेपाली | – सदस्य | |
| १९ श्री ढाकाराम अर्याल | – सदस्य सचिव | |

Scanned with CamScanner

प्रस्तावहरु

प्रस्ताव न.१.आगामी आ.व. २०७८।०७९ को निति तथा कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव न.२.आगामी गाउँसभा सञ्चालन गर्ने सम्बन्धमा ।

प्रस्ताव न.३.कोभिड विरामी व्यवस्थापनको लागि पाँचखाल न.पा. सँग गरिएको सम्झौतालाई अनुमोदन गर्ने सम्बन्धमा ।

प्रस्ताव न.४.म.ले.प. बाट प्राप्त प्रतिवेदन र त्यसको प्रतिक्रिया सम्बन्धमा ।

प्रस्ताव न.५.कोभिड व्यवस्थापनका लागि खटीएका स्वास्थ्यकर्मी तथा कर्मचारीको लागि थप सूविधा व्यवस्था गर्ने सम्बन्धमा ।

प्रस्ताव न.६.भुम्लु आधारभुत अस्पतालमा कार्यरत मेडीकल अधिकृत का लागि थप सेवा सूविधा उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव न.७.विपद व्यावस्थापन र प्रतिकार्य तयारी सम्बन्धमा ।

प्रस्ताव न.८.विभिन्न योजनाहरुको विस्तृत योजना प्रतिवेदन (DPR) र प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (IEE Report) सम्बन्धमा ।

प्रस्ताव न.९. विपद व्यवस्थापन कोष/कोभिड कोष बाट आकस्मिक रुपमा भएका कामको प्रगती सम्बन्धमा ।

प्रस्ताव न.१०. विपद व्यावस्थापन/ कोभिडको समयमा सहयोग गर्न दाताहरुलाई धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा ।

प्रस्ताव न.११. भू-उपयोग कार्यान्वयन समिति गठन गर्ने सम्बन्धमा ।

प्रस्ताव न.१२. वडा स्तरमा गरिएको कोरोना सचेतना कार्यक्रमलाई अनुमोदन गर्ने सम्बन्धमा ।

प्रस्ताव न.१३.आर्थिक सहायत प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव न.१४.स्वामूल्यङ्कन बाट प्राप्त भएको अङ्क अनुमोदन गर्ने सम्बन्धमा ।

प्रस्ताव न.१५."घ" वर्गको वितरण गरिएको इजाजत पत्र अनुमोदन गर्ने सम्बन्धमा ।

प्रस्ताव न.१६ योजनाको म्याद थप गर्ने सम्बन्धमा।

प्रस्ताव नः१७ शिक्षा समितिको बैठकको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

Scanned with CamScanner

निर्णयहरु

प्रस्ताव न. १ माथि छलफल गर्दा आगामी आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रम गाउँसभामा पेश गर्नु पर्ने भएकोले नीति तथा कार्यक्रमलाई अन्तिम रुप दिनका लागि विषयगत समिति/शाखागत निर्णयसहित र वडा कार्यालयहरुबाट समावेश गर्नु पर्ने नीति तथा योजनाहरु छनौट गरि सुझाव सहित मिति २०७८।०३।०८ गते भित्र अनिवार्य रुपमा गाउँपालिकामा पठाउनका लागि सम्बधित विषयगत समिति र वडा कार्यालयहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव न. २ माथि छलफल गर्दा आगामी गाउँसभा मिति २०७८।०३।१० गते विहान ११ वजे गाउँपालिकाको सभाहलमा सञ्चालन गर्ने निर्णय गरियो ।

प्रस्ताव न.३ माथि छलफल गर्दा भुम्लु गाउँपालिका भित्रका कोभिड रोगका विरामीहरुको उपचार गर्न र आइसोलेशनमा राख्नका लागि पाँचखाल नगरपालिकामा आइसोलेशन सेन्टर रहने गरि मिति २०७८।०१।२६ गतेका दिन पाँचखाल नगरपालिकासँग सम्झौता गरि संयुक्त आइसोलेशन सेन्टर स्थापना गर्ने निर्णय गरिएको थियो ।उक्त सम्झौतालाई कार्यपालिका बाट सर्वसम्वत रुपमा अनुमोदन गर्ने निर्णय गरियो।

साथै हाल भुम्लु गाउँपालिका वडा न.७ भुम्लु वेशीमै कोभिडको विरामीहरु उपचार गर्न सकिने सूविधा सम्पन्न भुम्लु आधारभुत अस्पताल संचालनमा आएको र पाँचखाल न.पा. मा रहेको संयुक्त आइसोलेशनको आवश्यकता नदेखिएकाले उक्त सम्झौता मिति २०७८।०३।०२ देखि लागू हुने गरि रद्ध गर्ने र यस सम्बन्धी व्यहोरा खुलाई पाँचखाल नगरपालिकालाई पत्राचार गर्ने निर्णय गरियो ।

प्रस्ताव न. ४ माथि छलफल गर्दा आ.व.०७६।०७७ को म.ले.प. बाट प्राप्त प्रतिवेदन अनुसारको वेरुजु तथा यस अघिका आ.व. मा देखिएका वेरुजुहरु फछर्योटका लागि लेखा समितिले अध्ययन गरि प्रतिवेदन तयार गर्ने र कार्यपालिकामा पेश गर्ने, प्राप्त प्रतिवेदका आधारमा असुल उपर गर्नुपर्ने वेरुजु फछर्यौटका लागि सम्वन्धित पक्षलाई पत्राचार गर्ने र सैद्धान्तिक प्रकृतिका वेरुजुहरुलाई गाउँसभामा पेश गरि फछर्यौट लागि सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव न. ५ माथि छलफल गर्दा कोरोना भाइरस (कोभिड-१९)को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ तथा गाउँपालिकाको जोखिम भत्ता सम्वन्धि कार्यविधि २०७७ बमोजिम मिति २०७७ श्रावण देखि कार्तिक सम्म कोभिड रोग लागेका व्यक्तिहरुको स्वाभ संकलन गर्ने, कन्ट्रायाक ट्रेसिङ्ग गर्ने र क्वारेन्टाइनमा खटिएका तपशिल बमोजिमका कर्मचारी तथा स्वास्थ्य कर्मीहरुलाई निजहरुको सुरु तलव स्केलको शतप्रतिशत भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | कर्मचारीको नाम | पद | तलव स्केल | काम गरेको दिन | जम्मा प्राप्त गर्ने भत्ता |
|---|---|---|---|---|---|
| १ | श्री विज्ञान लामा | हे.अ | रु.२८,२००।- | ६७ दिन | रु.६२,९८०।- |
| २ | श्री रुपा दाहाल | अ.न.मी | रु२६,६१०।- | ४६ दिन | रु.४०,८०२।- |
| ३ | श्री कल्पना ढोडारी | ल्या.टे | रु.२८,२००।- | ४१ दिन | रु.३८,५४०।- |
| ४ | श्री रुपक गिरि | हे .अ | रु.२८,२००।- | ९३ दिन | रु.८७,४२०।- |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | श्री दिपेश कुमार कर्ण | अ.हे.व | रु.२६,६१०।- | ८९ दिन | रु.७८,९४३।- |
| ६ | श्री दिपेन्द्र बहादुर शाही | हे.अ | रु.२८,२००।- | ६७दिन | रु.६२,९८०।- |
| ७ | श्री निशा लामा | स्टाफ नर्स | रु.२८,२००।- | ८८ दिन | रु.८२,७२०।- |
| ८ | श्री भवानी उप्रेती | अ.न.मी | रु.२६,६१०।- | ८० दिन | रु.७०,९६०।- |
| ९ | श्री सम्झना श्रेष्ठ | ल्या.अ. | रु.२६,६१०।- | ३० दिन | रु.२६,६१०।- |
| १० | श्री शिवराम खत्री | एम्वुलेन्स चालक | रु.१५,०००।- | ६७ दिन | रु.३३,५००।- |
| | जम्मा | | | | रु.५,८५,४५५।- |

साथै कोरोनाको दोश्रो लहर सुरु भएसँगै मिति २०७८ वैशाख देखि २०७८ असार सम्म कोभिड रोग लागेका व्यक्तिहरुको स्वाभ संकलन गर्ने, कन्ट्रायाक ट्रेसिङ्ग गर्ने र आइसोलेशन तथा अस्पतालमा खटिएका कर्मचारी तथा स्वास्थ्य कर्मीहरुका लागि निजहरुको सुरु तलव स्केलको पचास प्रतिशत भत्ता केन्द्र बाट उपलब्ध हुने भनि लेखि आएकाले, भुम्लु गाउँपालिका बाट थप पचास प्रतिशत भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव न.६माथि छलफल यस गाउँपालिकाको भुम्लु आधारभुत अस्पतालमा कार्यरत मेडीकल अधिकृत श्री विपुल शर्मा लाई कोरोना भाइरस (कोभिड-१९)को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ तथा गाउँपालिकाको जोखिम भत्ता सम्वन्धि कार्यवीधि २०७७ बमोजिम , निजको नियुक्ति भएको मिति देखि लागु हुने गरी सुरु तलब स्केल शतप्रतिशत भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव न. ७ माथि छलफल गर्दा विपद व्यावस्थापन र प्रतिकार्य तयारीका लागि आवश्यक खोज तथा उद्धार साम्बन्धी सामाग्री खरिद गर्ने तथा सुरक्षा निकाय(प्रहरी चौकी, सल्ले, फलाँटे, दोलालघाट र चौवास) लाई हस्तान्तरण गरि विपद व्यवस्थापनका काममा तयारी अवस्थामा रहने निर्णय गरियो ।

प्रस्ताव न.८ माथि छलफल गर्दा यस आ.व. मा तयार भएका तपशिल बमोजिमका योजनाहरुको विस्तृत योजना प्रतिवेदन (DPR) र प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (IEE Report) अनुमोदन गर्ने निर्णय गरियो ।

प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (IEE Report)

| क्र.स. | विवरण | कैफियत |
|---|---|---|
| १ | सुनकोशी नदीको रासपात बगर र इन्द्रावती नदि किनारको बन्देउमुनीको वेसी बगर बाट नदिजन्य पदार्थहरु उत्खनन् गर्नका लागि गरिएको प्रारम्भिक वातावरणीय प्रतिवेदनहरु:-४ वटा | |

Scanned with CamScanner

विस्तृत आयोजना प्रतिवेदन (DPR Report)

| क्र.स. | विवरण | कैफियत |
|---|---|---|
| १ | दोलाघाट स्वास्थ्य चौकी | |
| २ | १० शैया हस्पिटल, भुम्लु-८ | |
| ३ | काभ्रे खोला देखि पिडाल्ने सिंचाई भुम्लु-२ | |

प्रस्ताव न. ९ माथि छलफल गर्दा कोभिड महामारी व्यवस्थापन गर्ने सन्दर्भमा कोभिड कोषबाट भएको विभिन्न कार्यहरुका लागि धन्यवाद ज्ञापन गर्दै,कोभिड संक्रमण धेरै देखिएको स्थानमा स्वास्थ्य शिविर संचालन गर्ने र कोभिडमा भएको खर्च सार्वजनिक गर्ने निर्णय गरियो ।

प्रस्ताव न. १० माथि छलफल गर्दा कोभिड रोग नियन्त्रण तथा विपद व्यवस्थापनका समयमा गाउँपालिकालाई विभिन्न व्यक्ति,संस्था र क्षेत्रबाट सहयोग भएकोमा सहयोग गर्ने सम्पूर्ण व्यक्ति,संस्था र क्षेत्र प्रति कृतज्ञता ज्ञापन गर्ने निर्णय गरियो ।

सहयोग गर्ने व्यक्ति,संस्था र क्षेत्र

| क्र.स. | सहयोग गर्ने व्यक्ति/ संस्था |
|---|---|
| १ | अ.ने.रा.स्व.वि.यु. जिल्ला कार्य समिति काभ्रे |
| २ | ने.क.पा. माओवादी केन्द्र विदेश विभाग र भुम्लु गाँउकमिटी |
| ३ | नेपाल रेडक्रस सोसाईटी काभ्रे |
| ४ | प्रेम लामा जिल्ला समन्वय समिति सदस्य |
| ५ | बागमती ट्रिपर व्यावसायी संघ |
| ६ | त्रिवेणी ट्रेडिङ एण्ड सप्लायर्स |
| ७ | विर वि एण्ड सन्स उद्योग |
| ८ | शेर बहादुर कुँवर |
| ९ | प्राकृतिक श्रोत द्बन्द रुपान्तरण केन्द्र नेपाल |
| १० | अलाईन ग्रुप काभ्रे नेपाल |
| ११ | गैर आवासीय नेपाली संघ नेपाल तथा यादव कोइराल |

प्रस्ताव न.११ माथि छलफल भु-उपयोग ऐन २०७६ को १८ अनुसार प्रत्येक स्थानीय निकायमा रहेको कार्यपालिकाले भु- उपयोग परिषदका रुपमा काम गर्नेछ र दफा २० अनुसार भु-उपयोग परिषदलाई सहयोग गर्नका लागि १ वटा भु-उपयोग कार्यान्वयन समिति गठन गर्नु पर्ने भएकाले तपशिल बमोजिमको भु-उपयोग कार्यान्वयन समिति रहने निर्णय गरियो ।

Scanned with CamScanner

(क)श्री गुमान ध्वज कुँवर गा.पा. अध्यक्ष :- अध्यक्ष
(ख)सम्बन्धीत वडा अध्यक्षहरु वडा १ देखि १० सम्म :- सदस्य
(ग)श्री सुर्दशन बोलाखे कृषि शाखा प्रमुख :- सदस्य
(घ)श्री साकार अधिकारी पूर्वाधार विकास शाखा:- सदस्य
(ढ)श्री उर्मिला वि.क. वराइली कार्यपालिका सदस्य :- सदस्य
(ण)श्री शंकर नेपाली कार्यपालिका सदस्य :- सदस्य
(त)श्री सावित्रा अछामी कार्यपालिका सदस्य:- सदस्य
(थ)श्री बालकृष्ण पहरी कार्यपालिका सदस्य:- सदस्य
(द)श्री ढाकाराम अर्याल प्रमुख प्रशासकीय अधिकृत :- सदस्य-सचिव

प्रस्ताव न.१२ माथि छलफल गर्दा कोरोना संक्रमणको दोश्रो लहर सुरु भएसँगै गाउँपालिकाबाट वडा स्तरमा गरिएको कोरोना सचेतना कार्यक्रममा प्रति वडा रु.४४,७००।- दरले जम्मा रु. खर्च भएको छ । उक्त खर्चलाई गाउँपालिकाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव न. १३ माथि छलफल गर्दा तपशिल बमोजिमका नागरिकहरुलाई प्रहरी सर्जमिन मुचुल्का र वडाको सिफारिसका आधारमा तपशिल बमोजिमको आर्थिक सहयोग दिने निर्णय गरियो ।

तपशिल

| क्र.स. | राहत प्राप्त गर्ने व्यक्तिको नाम र थर | ठेगाना | उपलब्ध गराइएको राहत रकम | राहत प्राप्त गर्नाको कारण |
|---|---|---|---|---|
| १ | श्री विकास पहरी | भुम्लु-२ | रु.२५,०००।- | मिति २०७७।०७।२३ मा भुम्लु-४ चौवासमा धान काट्न जाँदा विद्युत लाइन सट भई करेन्ट लागेर घाइते भएको र निजको आर्थिक अवस्था कमजोर भएकाले उपचारको लागि सहयोग स्वरुप |
| २ | श्री शिव बहादुर भुजेल | भुम्लु-३ | रु.३०,०००।- | मिति २०७७।०८।२१ गते निजको गोठमा आगलागी पशु चौपाया तथा अन्न जलेर नष्ट भएकाले क्षतीपुर्ती स्वरुप |

प्रस्ताव न.१४ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व. ०७६।०७७ को स्वामूल्याङ्कन गर्दा गाउँपालिकाले कुल ५१.५ अङ्क प्राप्त गरेको देखियो, भएका सम्पुर्ण कागजपत्र हेर्दा उक्त अङ्क मनासिव देखिएकाले गाउँपालिकाले प्राप्त गरेको अङ्कलाई अनुमोदन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

प्रस्ताव न.१५ माथि छलफल गर्दा विभिन्न समयमा यस गाउँपालिकाबाट जारी गरिएको "घ" वर्गको निर्माण व्यवसायी को इजाजत पत्र लाई अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.स. | निर्माण व्यवसायीको विवरण | प्रमाण पत्र जारी गरिएको मिति |
|---|---|---|
| १ | डि.पि.एस. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., भुम्लु-४, काभ्रे | २०७६।११।११ |
| २ | वि.जि.व्रदर्श कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. , भुम्लु-९, काभ्रे | २०७७।०३।१८ |
| ३ | वृहत भुम्लु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., भुम्लु-७ काभ्रे | २०७७।११।१७ |
| ४ | ए.एस.एस.के. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., भुम्लु-५, काभ्रे | २०७८।०१।१६ |

प्रस्ताव न. १६ माथि छलफल गर्दा यस गाउँपालिकाबाट सचाँलन गरिएको योजनारुको कोरोना भईरस संक्रमणका कारणले समयमा नै सम्पन्न हुन नसकेका योजनाहरुको यस अधि गरिएको म्याद थप अनुमोदन गरियो । साथै मिति २०७७ चैत्र पछि म्याद सकिने सवै योजनाहरुको असार २२ गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।

प्रस्ताव न.१७ माथि छलफल गर्दा मिति २०७८।०३।०१ गते गाउँपालिका शिक्षा समितिबाट भएको तपशिल बमोजिम निर्णयहरु भएकोले सो निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

१ .प्रस्ताव नं १ उपर छलफल गर्दा यस शैक्षिक सत्रमा प्राप्त भएका लाईब्रेरी आईसिटि ल्याब र साईन्स ल्याबको अनुदान रु ६५०००० प्रत्येक शिर्षकमा पुस्तकालय श्री प्रकाश मा वि भुम्लु ८ , आईसिटी ल्याब श्री सार्वजनिक आवि भुम्लु ५ र साईन्स ल्याब श्री जनता मावि भुम्लु ८ कोलातिलाई दिने निर्णय गरियो।

२. प्रस्ताव नं २ उपर छलफल गर्दा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यन्वयन पुस्तिका२०७७।७८ को पुर्वाधार अनुदान शिर्षकको सफाई सुविधा भएको शौचालय निर्माण बापतको प्रति बिद्यालय रु ७००००० खर्च गर्ने गरी श्री महादेव प्रावि भुम्लु ४ र श्री कालीदेवि प्रावि भुम्लु १ लाई छनौट गरियो।

३ प्रस्ताव नं ३ माथि छलफल गर्दा बिभिन्न शिर्षक जस्तै पाठ्यपुस्तक दिवा खाजा, छात्र वृत्ति, बुक कर्नर ,बालबिकाश अनुदान ,कक्षा १ मा नयाँ भर्ना बिद्यालय संचालन अनुदान ,SIP निर्माण, समाजिक परिक्षण अनुदान, मावि ईन्टरनेट अनुदान ,कक्षा ११र १२ पुस्तकालय र समय सुधार योजना अनुदान बिदयालयको खातामा जम्मा गरिदिने निर्णय गरियो।

४ प्रस्ताव नं ४ माथि छलफल गर्दा श्री अरुणोदय मावि भुम्लु २ सिम्थली र श्री जनता मावि भुम्लु ६ कोलातिको लागि कक्षा ११ संचालन गर्न अनुमति दिईने निर्णय गरियो।

Scanned with CamScanner

५ प्रस्ताव नं ५ माथि छलफल गर्दा श्री आरुबोट प्रावि र श्री सिहंगणेश प्राविमा बालबिकाश कक्षा मात्र संचालन गर्ने साथै श्री सिंहगणेश प्रा वि मा रहेको प्रावि राहत दरबन्दीलाई श्री वनदेवि माविमा कायम गर्ने।त्यसै गरी पिपल प्रावि भुम्लु ८ र सर्वबिजया प्रावि भुम्लु ८ मा एकदम बिद्यार्थी संख्या देखिएकोले उक्त बिद्यालयमा १।१ जना शिक्षक दरबन्दी कायम गर्ने निर्णय गरियो र त्यस प्रयोजनका लागि वडा शिक्षा समितिलाई आवश्यक गृहकार्य गर्न अनुरोध गर्ने निर्णय गरियो।यस गाउँपालिका वडा नं १ मा स्थपना गर्न लागिएको श्री गोल्मादेवि प्रा विलाई कक्षा १ को अनुमतिका लागि प्रदान गर्ने र श्री सेतिदेवि आवि भुम्लु १ सापिङ्का शिक्षक श्री ताराबहादुर कुँवरलाई उक्त बिद्यालयमा पदस्थापन गर्ने र एक जना कासको ब्यबस्था गर्ने सर्वसम्मत निर्णय गरियो।

६ प्रस्ताव नं ६ माथि छलफल २०७८ को बिद्यार्थी भर्ना अभियान र पाठ्यपुस्तक बितरण स्वास्थ्य मापदण्ड पालना गर्दै गर्ने निर्णय गरियो।

Scanned with CamScanner